# लेखनाथ नगरपालिकाको २० औं (संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा पछिको आठौं) नगरपरिषदको निर्णय सार्वजनिक समारोहमा प्रस्तुत बजेट नीति तथा कार्यक्रम

## आ.व. २०७१/०७२

२०७०, पौष ३० गते

## लेखनाथ नगरपालिका कार्यालय

तालचोक, कास्की ।

# लेखनाथ नगरपालिकाको २० औं नगरपरिषदमा प्रमुख एवं कार्यकारी अधिकृत श्री रामचन्द्र पौडेलबाट आ.ब. २०७१/०७२ प्रस्तुत बजेट, नीति, कार्यक्रम तथा आय-व्यय विवरणको बक्तव्य

**२० औं (संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा पछिको आठौं) नगरपरिषद वाट पारित वजेट नीति तथा कार्यक्रम सार्वजनिक समारोहमा उपस्थित पार्टी प्रतिनिधि ज्यूहरु,**

**बिभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,**

**सम्पूर्ण संचारकर्मी साथीहरु,**

**सहकर्मी साथीहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।**

२० औं नगरपरिषदको निर्णय सार्वजनिक गर्न आयोजित यस समारोहमा सर्वप्रथम म राष्ट्र र जनताको लागि सुन्दर सपना देखेर जन आन्दोलन–२, मधेश आन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा आफ्नो प्राणको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु । साथै जनआन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा घाईते एवं वेपत्ता हुनुभएका ब्यक्तिहरु प्रति उच्च सम्मान प्रकट गर्दै घाइते भई उपचार गराईरहनु भएका सबैप्रति शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु । दोश्रो संविधान सभाको निर्वाचन पछि मुलुकले स्थायी सरकार पाउने र नेपाली जनताले अपेक्षा गरेअनुरुपको संविधान जारी भै राजनितिक निकास निस्कनेमा हामी आशावादी छौं । शहिदहरुको सपना र मार्गदर्शन अनुरुपको विकासलाई सार्थक तुल्याउने यात्रामा हामी सवैलाई प्रेरणा मिल्ने अपेक्षा समेत यस घडीमा गर्न चाहान्छु । साथै यस २० औं नगरपरिषदको निर्णयहरु सार्वजनिक समारोहमा उपस्थित भै गरिमा वढाईदिनु हुने सम्पूर्ण अतिथिज्यूहरु, संचारकर्मीज्यूहरु एवं सम्पूर्ण उपस्थित महानुभावहरु प्रति हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्दछु ।

***"साततालको बगैंचा शहर"***को दुरदृष्टिका साथ अगाडी बढेको यस नगरपालिकाको आ.ब. ०७१/०७२ को बार्षिक बजेट नीति, योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । जनताले आफ्ना आवश्यकतालाई सम्वोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न सकुन भन्ने अवधारणा अनुरुप प्रत्येक वडावासीहरुको व्यापक सहभागितामा वडास्तरिय योजना तर्जुमा गोष्ठि, विषयगत योजना तर्जुमा गोष्ठि, एकीकृत योजना तर्जुमा गोष्ठिमा विभिन्न सरोकारवालाहरु बीच अन्तरक्रिया एवं छलफल गरी नगरपालिकाको बैठकमा छलफल भई तयार पारिएको आगामी आर्थिक वर्ष ०७१/०७२ को वार्षिक नगरविकास योजनाको प्रस्तावित कार्यक्रम तथा बजेट विवरण सहित यहाँहरुसामु उपस्थित भएको छु । हामी अपेक्षा गर्दछौं, प्रस्तुत बजेट नीति तथा कार्यक्रम कार्यान्वयन गरिरहंदा मुलुकमा स्थायी सरकार एवं स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधीको आगमन भै लामो समय देखी रिक्तता रहेको स्थानीय निकाय पूर्ति भै नगरको विकासका लागि थप मार्गदर्शन मिल्नेछ भन्ने आशा एवं विश्वास लिएको छु ।

प्रस्तुत बजेट नीति तथा कार्यक्रम स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ ले निर्दिष्ट गरेका योजना छनौटप्रक्रियाहरुलाई अवलम्वन गरी सहभागिता एवं समावेशीमुलक ढङ्गले तर्जुमा गरिएको छ । विशेषगरी नगरपालिकाको आवधिक योजना, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा जि.वि.स कास्कीबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन, त्रिवर्षिय योजना, शहश्राब्दी विकास लक्ष्य एवं योजना तर्जुमाको क्रममा विभिन्न तहवाट प्राप्त हुन आएका सुझावहरु, राष्ट्रिय नीतिहरु, गत तथा चालु आ.व का नीति तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीतावाट प्राप्त सिकाईहरु आधारमा आगामी आ.व को लागि प्रस्तुत बजेट नीति तथा कार्यक्रम तयार गरिएको छ । यसरी यस बजेट नीति तथा कार्यक्रमको कार्यान्वयनवाट नगरपालिकाले लक्षीत गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

नगरको आर्थिक, सामाजिक, सांस्कृतिक विविधता एवं भौगोलिक अवस्थितिका आधारमा हाम्रा विकासका पूर्वाधारहरु तय गर्दै जानु पर्ने अवस्था छ । हामीसँग उपलब्ध अपार प्राकृतिक सम्पदाहरु विशेषगरी तालतलैया, सिमसार, वन, पर्यटकीय संभावनायुक्त मनोरम स्थलहरु, लगानीको लागि उपयुक्त वातावरण, औद्योगिक एवं कृषि विकासका प्रचुर संभावनाहरु वोकेर रहेको यस नगरमा उपलब्ध श्रोत साधनहरुको महत्तम परिचालन गरी सन्तुलित विकासको लागि श्रोत परिचालन गर्नु पर्ने चूनौतीहरु हाम्रा सामु विद्यमान छन् ।

नगरको पहाडी भेगमा अझै पनि आधारभूत पूवार्धारहरु पुग्न सकिरहेका छैनन् । युवा शक्ति रोजगारीको शिलशिलामा वाहिरिएका छन् । कृषि उत्पादन ह्रासोन्मुख रहेको छ । यस नगरलाई “सात तालको वगैचा शहर”का रुपमा विकास गर्न श्रोत साधनको न्यूनता खट्किइरहेको छ । यस अवस्थामा हामीले रोजगारी र आय आर्जनका अवसरहरु वृद्धि गर्न कृषि उत्पादनमा वृद्धि, पशुजन्य व्यवसाय प्रवर्द्धन, लघु उद्यम प्रवर्द्धन, स्थानीय शिप साधनवाट संचालित परम्परागत व्यवसायहरुको संरक्षण र विविधीकरण, सहकारी प्रवर्द्धन, आधारभूत शहरी पूर्वाधारहरुको विकास एवं उत्पादनशिल क्षेत्रमा लगानी अभिवृद्धि गरी विकास प्रक्रियामा सवै वर्ग क्षेत्रका समुदायलाई परिचालन गर्न सकेमा मात्र परिवर्तन एवं परिणाममुखी विकास संभव हुने देखिन्छ ।

यी चुनौतीहरुलाई सामना गर्न सरकारी, गैरसरकारी, नीजि क्षेत्र एवं स्थानीय समुदायको अग्रसरता, सहयोग, समन्वय, सहभागिता, सहमति र समझदारीवाट मात्र संभव रहेको छ । यसर्थ परिवर्तन एवं परिणाममुखी विकास प्रयासमा जुटन समस्त नागरिक समाज, उद्यमी, व्यवसायी, राजनैतिक दलका पदाधिकारी, सरकारी एवं गैरसरकारी निकायहरु, स्थानीय समुदायहरु, संघसंस्थाहरु एवं समस्त नगरवासीहरुमा हार्दिक आब्हान गर्दछु ।

स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधिहरुको रिक्तता रहेको वर्तमान अवस्था एवं सरकारले राजनितिक संयन्त्र खारेज गरेको परिप्रेक्षमा नगरस्तरिय राजनितिक दलका पदाधिकारीहरुसँग उच्चतम समन्वय र सहकार्य एवं सल्लाह र सुझावका आधारमा हाम्रा क्रियाकलापहरुलाई अगाडी वढाउँदै आइरहेका छौं । यद्यपी कर्मचारीवाट जनप्रतिनिधिमुलक निकाय संचालनको लागि अथक प्रयास भैरहेको यथार्थता रहँदा रहँदै पनि स्थानीय निकायको कामको प्रकृति अनुसार कतिपय सेवाहरु जनप्रतिनिधिहरुवाट मात्र प्रवाह हुन सक्ने तथा प्रभावकारी हुने वास्तविकता हाम्रो सामु बिद्यमान छ ।

स्थानीय निकाय जनताको अत्यन्त नजिकको स्थानीय सरकार हो । र स्थानीय सरकारसँग जनताका धेरै अपेक्षा समेत हुने गर्दछन् । समावेशी विकास र त्यसमा सहभागिता र जनताको अधिकतम हितलाई सम्वोधन गर्दै स्थानीय प्रजातान्त्रीक अभ्यासको सुदृढीकरण गर्ने, लोकतन्त्रको लाभहरुलाई वितरण एवं शसक्तिकरण, समावेशीकरण मार्फत मूल प्रवाहीकरण गर्ने नैं आजको चुनौती र अवसर हो ।

योजना तर्जुमाका वखत सकेसम्म सवै क्षेत्र, वर्ग, लिङ्ग र समुदायको सहभागिता रहन सकोस भन्ने तर्फ ध्यान पुर्‍याएका छौं । यद्यपी सिमित श्रोत र साधनहरुवाट हाम्रा असिमित आवश्यकता परिपूर्ति गर्न नसक्ने यथार्थता हाम्रो सामु रहेकोमा उपलब्ध श्रोत साधनको उच्चतम उपयोग गर्ने तर्फ विशेष ध्यान दिएका छौं । यसका लागि स्थानीय आवश्यकताहरुलाई प्राथमिकताका आधारमा श्रोत, साधनको विनियोजन गरेका छौं ।

**उपस्थित महानुभावहरु**

अव म आगामी आ.व को वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व गत तथा चालु आ.ब. मा संचालित कार्यक्रमको संक्षिप्त सिंहावलोकन प्रस्तुत गर्न चाहान्छु ।

आ.व. २०६९/०७० मा संचालित सवैजसो कार्यक्रमहरु प्रस्ताव गरिए वमोजिम सम्पन्न भई वित्तिय प्रगति तर्फ ९८.६८ प्रतिशत साथै भौतिक प्रगति तर्फ नयाँ ट्र्याक ३.७ कि. मी., सडक ग्राभेल १२.४ कि.मी., सडक कालो पत्रे ५.५ कि.मी., सडक मर्मत संभार ४.५ कि.मी., खानेपानी तर्फ ८ धारा सहित १२ वटा बिभिन्न कुवा मर्मत १ ट्यांकी निर्माण, भवन तर्फ २ क्याम्पस सहित बिभिन्न सामुदायिक भवन गरि ७ वटा कक्षा कोठा निर्माण, स्वास्थ्य तर्फ शहरी स्वास्थ्य र सामुदायिक लायन्स अस्पतालमा भौतिक पूर्वाधार सुधारका कार्यहरु सम्पन्न भएका छन् ।

नगरका विभिन्न तीन स्थानमा पार्क तथा पिक्नीक स्थलको निर्माण कार्यलाई निरन्तरता दिईएको, सार्वजनिक जग्गा संरक्षणको लागि पहल गरीएको, कर संकलन एवं परिचालनमा उद्योग वाणिज्य संघ तथा वस व्यवसायी समिति संग साझेदारी गरीएको र सो बाट कर राजश्वमा सामान्य वृद्धि भएको छ । केन्द्रीय अनुदान तर्फको पेश्की, वेरुजु शुन्य रहेको र आन्तरीक तर्फ ६०.०९ प्रतिशत बेरुजु फछ्र्यौट भएको साथै पेश्की तर्फ २५.६८ प्रतिशत फछ्र्यौट भएको छ ।

**यसै गरी चालु आ.व.को प्रथम चौमासिक अवधि सम्ममा सम्पादन गरिएका कार्यहरुको प्रगति विवरण यहाँहरु समक्ष राख्न चाहान्छु ।**

- विगत लामो समय देखी थाति रहँदै आएको नगरको राजश्वको प्रमुख श्रोत एकिकृत सम्पत्तिकर प्रणाली लागु भै राजश्व असुली कार्य भैरहेको छ । चालु आ. ब. मा राजश्वमा गरिएको प्रक्षेपण भन्दा वढी रकम उठेन अपेक्षा गरिएको छ ।
- वेगनासताल क्षेत्रलाई प्रमुख पर्यटकिय गन्तव्यका रुपमा विकास गर्न वडा नं. ९ मा रहेको धार्मिक क्षेत्र वराह क्षेत्र सुधार र वेगनासताल किनारकै मन्दरेपार्क व्यवस्थापन तथा सुधारका लागि विश्व बैंकको अनुदान सहयोगमा Detail Project Report तयार गरी दोश्रो चौमासिकको दोश्रो महिनामा टेण्डर प्रक्रिया अगाडी वढ्ने गरी संझौता भएको छ ।
- विश्व बैंककै सहयोगमा ६ वटा सडकहरुको स्तरोउन्नतीका लागि सम्पूर्ण तयारी पुरा भै टेण्डर प्रक्रिया जाने तयारीमा रहेको छ ।
- ल्याण्डफिल्ड साईडको लागि वडा नं. १३ को सातपत्रेमा संभावित अध्ययनका लागि स्थानीय बन उपभोक्ता संस्था तथा जिल्ला वन कार्यालयसँग समन्वय भैरहेको छ ।
- युनिसेफ नेपालको साँझेदारीमा बाल श्रम न्यूनिकरणको कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडी वढाईएको छ ।
- सामाजिक सुरक्षा भत्ता वैक मार्फत भुक्तानी गर्दै आइएको छ , भत्ता पाउने व्यक्तिहरु को नामनामेसी पत्रपत्रिका एवं नगरपालिकाको सूचना पार्टीमा टाँस गरिएको छ ।
- पेश्की तथा वेरुजु फर्छ्यौटको लागि तदारुकताका साथ कार्य अगाडि वढाइएको छ ।
- नगरको वडा नं. १३ मा वृद्धाहरुका लागि विभिन्न संघसंस्थाको साँझेदारमा भवन निर्माण कार्य भैरहेको छ ।
- विपन्न वर्गका लागि आवास कार्यक्रम अर्न्तगत लुमन्तीसँगको आवास निर्माण कार्यक्रम नगरका विभिन्न वडाहरुमा भैरहेको छ ।

उपस्थित महानुभावहरु, अव म आगामी आर्थिक वर्षको लागि लिइएका बजेट नीति तथा कार्यक्रमहरु प्रमुख रुपमा क्षेत्रगत हिसावले प्रकाश पार्न चाहान्छु । क्षेत्रगत नीतिहरु प्रस्ताव गर्दा उन्नाईसौं नगरपरिषदबाट स्वीकृत नीतिहरुलाई निरन्तरता दिदै थप नीति तथा कार्यक्रमहरु मात्र यहाँ उल्लेख गरिएको छ । साथै विस्तृत बिवरण नगर योजना पुस्तकका रुपमा पछि उपलब्धता हुने नै छ ।

## पूर्वाधार र संरचना विकास नीति

१. रणनैतिक महत्वका सडकहरुलाई उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने नीति लिइएको छ । साथै नगरमा आगामी ५ वर्षमा ३५ कि.मी कालोपत्रे, ६० कि.मी स्तरउन्नति र १० कि.मी नयाँ ट्र्याक निर्माण गरीने नीति अनुसार चालु आ.ब. मा ६.७ कि .मि. कालो पत्रे १२.१४ कि. मी. सडक ग्राभेल र २.३ कि.मि.नया ट्र्याक निर्माण गर्ने लक्ष्य पुरा गरिने छ भने आगामी आ.ब. का लागि ११.४ कि.मि. सडक कालोपत्रे, १५.९ कि.मि. नयाँ ट्र्याक र १.३ कि.मि सडक स्तरोन्नतीका लागि १० करोड पचास लाख रुपैया विनियोजन गरेको छु ।

२ वडा विकास तर्फ वडा स्तरिय योजनाहरु धेरै क्षेत्रमा थोरै बजेट विनियोजन गरि आउने गरेकाले त्यस्ता स–साना योजनाहरुलाई निरुत्साहीत गर्दै, वडास्तरमा ५० हजार भन्दा कम लागत हुने योजनामा बजेट विनियोजन गरिने छैन । आगामी बर्षमा वडा विकासका लागि नेपाल सरकारको अनुदानबाट ७५ लाख र नगरपालिकाको आन्तरिक श्रोत एकिकृत सम्पत्तिकरबाट प्रत्येक वडामा रु २ लाखका दरले ३० लाख सहित १ करोड ५ लाख रुपैया विनियोजन गरेको छु ।

३. आगामी ५ वर्षमा प्रत्येक नगरवासीमा सहज खानेपानी पहुचका लागि भै रहेका आयोजना तथा खानेपानीका श्रोतहरु सहभागितात्मक रुपमा संरक्षण गरि खानेपानीको सहज आपुर्तिको व्यवस्था मिलाईने छ । भने चालु आ.व. मा पहाडी भागमा लिफ्ट सिस्टमबाट पानी आपूर्तिको लागि ३५ लाख रुपैया

विनियोजन गरिएको छ भने आगामी आ.ब.मा उक्त कार्यक्रमलाई निरन्तरता दिदै थप ३० लाख रुपैया रकम बिनियोजन गरेको छु ।

४. नगर क्षेत्रमा रहेका तालहरुको संरक्षण हुन नसक्दा सात तालको वगैचा शहरको दूरदृष्टिको मर्ममा समेत ठेस पुग्न गएको छ । सम्पूर्ण तालहरुको गुरुयोजना निर्माण गरी नेपालसरकार, दातृ निकाय तथा नीजि क्षेत्रको साँझेदारीमा कार्यन्वयन गरिनेछ । साथै ताल संरक्षण र विकासका लागि चालु आ.ब.मा रु. १४ लाख बिनियोजन गरीएको छ भने त्यसलाई निरन्तरता दिदै आगामी आर्थिक वर्षका लागि थप ३० लाख रुपैया बिनियोजन गरेको छु ।

५. साहित्यक स्रस्टा कबि शिरोमणि लेखनाथ पौडेलको जन्म स्थलको संरक्षण तथा बिकासका साथै साहित्यीक पर्यटनको पूवाधार विकासका लागि आगामी आ.ब. मा १० लाख रुपैया बिनियोजन गरेको छु ।

६. योजनाहरुको प्रभावकारी अनुगमन, मुल्यांकन गरी सोको आधारमा राम्रो काम गर्ने उपभोक्ता समितिलाई प्रोत्साहन गरिदै लगिने नीति अवलम्वन गरिने छ ।

७. निर्माण कार्यको गुणस्तर कायम गर्नका लागि ठूला आयोजनाहरुको निर्माण सामाग्रीको गुणस्तर परिक्षण गर्ने कार्यलाई अनिबार्य गर्नु पर्ने नीति लिईएको छ ।

८. All Weather Roads को बिकासका लागि पहाडि भेगका रणनैतिक महत्वका सडकहरुलाई कालोपत्रे तथा स्तोरोन्नती कार्य गर्न आगामी आ.ब. मा ५० लाख रुपैया बिनियोजन गरेको छु । यस्ता प्रकारका आयोजना कार्यान्वयनका लागि २०% को लागत सहभागिता अनिबार्य गर्नु पर्ने नीति लिएको छु ।

९. नगर क्षेत्र भित्र निर्माण हुने भवन भुकम्प प्रतिरोधात्मक वनाउनका लागि भवन निर्माण आचर संहिता लागु गर्न आवश्यक तयारीका निम्ति रकम बिनियोजन गरेकोछु ।

## कृषि, बन, बाताबरण बिकास नीति

१०. शहरीकरणसँगै नगरपालिकामा फोहोरको समस्या समेत देखा पर्न थालेको छ । ल्याण्डफिल साइडको व्यवस्था नहुँदा नगरपालिकाले फोहर व्यवस्थापन गर्न नसक्नु चिन्ताको विषय बनेको छ । ल्याण्डफिल साइडको पहिचान, संभाव्यता र व्यवस्थापनका लागि नेपाल सरकार, विभिन्न दातृ निकाय, नीजि क्षेत्र र नगरवासीको सहकार्यको अपेक्षा गर्दै, आगामी आ.ब. का लागि ल्याण्डफिल साइड र नगर सरसफाई व्यवस्थापनका लागि २८ लाख ४५ हजार रुपैया विनियोजन गरेको छु ।

११. प्राकृतिक प्रकोप परि खेतीबाली नोक्सान हुनजादा कृषकहरुमा पर्न जाने मर्कालाई मध्यनजर गरि निश्चित आधारहरु तोकी राहत उपलब्ध गराउन स्थापना भएको कृषक राहत कोषको लागि थप १ लाख रुपैया वियोजन गरेको छु ।

१२. नगरको प्रवेशद्धार कोत्रे देखी विजयपुरसम्म पृथ्वीराजमार्गको दायाँवायाँ राजमार्ग हरियाली कार्यक्रमका साथै नगरभित्र रहेका सामुदायिक बनलाई व्यवस्थित गर्न ३ लाख ६० हजार रुपैया विनियोजन गरेको छु ।

१३. नगरलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्नका लागि दोश्रो ठूलो रुपातालको साँघुरेमा लेखनाथ र रुपाकोट गाविसलाई जोड्ने झोलुङ्गे पुल एवं साहसिक खेल वन्जीजम्डि निर्माणको संभाव्यता अध्ययनका लागि रु. १० लाख रुपैया विनियोजन गरेको छु ।

१४. बन उपभोक्ता समुहसँगको समन्वयमा विभिन्न इन्टरनेट प्रदायक संस्थासँग सहकार्य गरी पर्यटकीय क्षेत्रहरुमा Wi-Fi Free Zone बनाउन पहल गरिनेछ ।

## भूमी तथा जलश्रोत बिकास नीति

१५. लेखनाथ नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पर्ति तथा सरकारी जग्गाहरुमा वढ्दै गएको अतिक्रमणलाई निरुत्साहित गर्न तथा त्यस्ता जग्गाहरु नगरपालिकाको नाउँमा दर्ता प्रक्रिया अघि वढाउन तथा सार्वजनिक, पर्ति तथा सरकारी जग्गाको संरक्षण गर्न रु ५ लाख बजेट व्यवस्था गरेको छु ।

१६. नगरका सिंचाई प्रणालीहरु बिजयपुर र वेगनास सिंचाई प्रणालिका साथै नगरको सम्पुर्ण सिंचाई योग्य भुभागको सिंचाई ब्यवस्थापन कार्यका लागि आगामी आ.ब.मा रु १८ लाख बिनियोजन गरेकोछु ।

१७. नगरमा भैरहेको उर्जा संकटलाई मध्यनजर गरि घरायसी बायोग्यास उर्जा निर्माण गर्न उत्प्रेरणा जगाउन वायोग्यास निर्माण सहभागीताको लागि रु. २ लाख प्रोत्साहन सहयोगको ब्यबस्था गरेकोछु ।

१८. नेपाल सरकार तथा अन्य दातृ संस्थाको सहयोगमा नगरको दोश्रो ठुलो रुपातालमा बाँध निर्माण गरि रुपातालको पानी ढोडवेसी तथा मालेपाटनमा सिंचाई संबन्धि संभाब्यता अध्ययनको कार्यलाई अगाडि बढाईनेछ साथै उक्त तालको जैबिक बिबिधतालाई संरक्षण गर्ने नीति लिईनेछ ।

१९. संभाव्य स्थानहरुमा लघु जलविद्युत एवं सौर्य उर्जा, पहाडी वडाहरुमा वैकल्पिक उर्जाको विकास, विस्तार एवं प्रर्बद्धन गर्ने नीति लिइनेछ ।

## जनसंख्या तथा सामाजिक बिकास नीति

२०. नगर क्षेत्र भित्रका बालबालिकाको विद्यालयमा पहुँच तथा विद्यालयको भौतिक पूर्वाधार सुधार, शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यालयलाई प्रोत्साहन, सामुदायिक विद्यालयमा रहेका बालविकास केन्द्रको स्तरोन्नती गरी सवै बालबालिकाका लागि विद्यालय नीतिलाई प्रर्वद्धन गरिने नीति लिईनेछ । यसका लागि १६ लाख ७५ हजार रुपैया प्रस्ताव गरेको छु ।

२१. बालमैत्री स्थानीय शासन कार्यक्रम प्रर्वद्धन एवं आन्तरिकीकरण गर्दै बालमैत्री नगर निर्माणका विभिन्न सूचकहरु पुरा गर्नका लागि आवश्यक नीति र निर्देशिकाहरु वनाई लागु गर्ने व्यवस्था मिलाएको छ । आगामी आ.व मा बालबालिकाको नगर प्रोफाइल तयारीका लागि ११ लाख बजेटको व्यवस्था गरेको छु ।

२२. बालश्रम न्यूनिकरण, बाल शोषणको अन्त्य, घरेलु बालश्रमिको पुर्नस्थापना, द्धन्दपिडित, जोखिममा परेका बालबालिकाको पुर्नस्थापनाका लागि युनिसेफ नेपालको सहयोगमा विभिन्न कार्यक्रमहरु संचालन गर्नका लागि रु. १५ लाख रुपैया विनियोजन गरेको छु । नगरस्तरिय टोल विकास समन्वय समितिको सहकार्यमा चालु आ.व. देखी नै बालश्रममुक्त टोल घोषणा कार्यक्रमलाई प्रभावकारी वनाईने छ भने आगामी आ.ब मा १५ वटा टोल विकासलाई बालश्रममुक्त घोषणा गरिने छ । यसका लागि १ लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

२३. बालसहभागिताको नीतिलाई प्रवर्द्धन गर्दै नगरका सवै वडाहरुमा बाल संजाल, सामुदायीक विद्यालयका बाल क्लव तथा नगरस्तरिय बाल मञ्च गठन र पुर्नगठनलाई निरन्तरता दिदै उनिहरुको क्षमता विकास, नगरपालिकाको नीति, योजना निर्माणमा सहभागिता, विद्यालयस्तरमा उत्कृष्ट विद्यार्थीलाई सम्मान, अति विपन्न एवं पिछडिएका बालबालिकालाई विद्यालय जान प्रेरित गर्ने उद्देश्यले छात्रवृत्ति एवं शैक्षिक सहयोग कार्यक्रमका साथै विद्यालयलाई बालमैत्री बनाउन शिक्षक र अभिभावकलाई अभिमुखीकरण एवं पाँच बर्ष मुनिका बच्चाका अभिभावकलाई बालमनोभाव सम्वन्धी अभिमुखीकरण लगायतका कार्यक्रम संचालन गरिनेछ । यसका लागि रु. ९ लाख रुपैया व्यवस्था गरेको छु । साथै काठमाण्डौंमा सम्पन्न बालमैत्री नगर सम्वन्धी अन्तराष्ट्रिय सम्मेलनबाट जारी भएका चार बुँदे घोषणालाई कार्यन्वयनमा ल्याईने छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक, राजनितिक दल, कर्मचारी, र नगरवासीहरुका लागि बालमैत्री आचारसंहिता निर्माण गरी लागु गरिनेछ । बालसहभागिता नीति २०६९, बालक्लव एवं बालमञ्च/बाल संजाल गठन एवं परिचालन सम्वन्धी निर्देशिका, २०७०, बाल कोषको स्थापना र संचालन निर्देशिका, २०७०,

आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार तथा सिफारिस सम्वन्धी निर्देशिका, २०७० जारी गरिएको छ ।

२१. लेखनाथ नगरपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य उपकेन्द्र, स्वास्थ्य चौकी, लेखनाथ सामुदायीक लायन्स अस्पताल, शहरी स्वास्थ्य केन्द्रलाई प्रभावकारी वनाउन आवश्यक बजेट व्यवस्था गरिएको छ । सामुदायीक लायन्स अस्पतालमा बाल रोग निदान कक्ष निर्माणका लागि रु. ५ लाख र शहरी स्वास्थ्य कार्यक्रमका लागि ७ लाख गरी १२ लाख रुपैया व्यवस्था गरेको छु ।

२२. स्वास्थ्य स्वंय सेविकाहरुलाई राष्ट्रिय अभियानका विभिन्न कार्यक्रममा उत्प्रेरित गर्नका लागि खाजा खर्च र स्वयं सेविका दिवश मनाउनका लागि समेत १ लाख ६१ हजार रुपैयाको व्यवस्था गरेको छ । यसले स्वयंसेविकाहरुलाई निस्वार्थ भावनाले कार्य गर्न प्रेरित गर्ने अपेक्षा समेत गरेको छ ।

२३. नगरको हरेक क्रियाकलापमा महिलाको कम्तिमा ४० प्रतिशत सहभागितालाई सुनिश्चित गर्ने नीति अवलम्वन गरिनेछ । साथै लैङ्गिक विकासका लागि समतामुलक व्यवहार, लैङ्गिक बजेट र शसक्तिकरणमा जोडदिदै विकासको मुलप्रवाहमा प्रवाहीकरण गरिनेछ । महिलाहरुको क्षमता विकास, सिप विकास, संस्थागत विकास र भौतिक पूर्वाधार सुधारका लागि ४८ लाख ६१ हजार रुपैया बजेट व्यवस्था गरेको छु ।

२४ दलित, उत्पीडित, आदीवासी जनजाति,  मुश्लिम, पिछडा वर्ग, अतिसिमान्तकृत वर्ग अन्य वर्गका लागि आय आर्जन, आत्मनिर्भर तथा क्षमता विकास, शसक्तीकरण मार्फत मुल प्रवाहीकरण गरिने नीति लिईने छ । यसका लागि आगामी आ.ब मा रु ५६ लाख रुपैया व्यवस्था गरेको छु ।

२५. नगरपालिका कार्यालयलाई अपाङ्ग मैत्री वनाउन चालु आ.व मा बजेट विनियोजन गरी आवश्यक पूर्वाधार निर्माण गरिनेछ । साथै आगामी आ.ब. का अपाङ्गको क्षेत्रमा रु.९ लाख रुपैया बजेटको व्यवस्था गरेको छु ।

२६. जेष्ठ नागरिकलाई अपहेलित हुनु परेको अवस्थामा उनिहरुलाई सम्मान र मर्यादित पूर्वक जिवन वेतित गर्नका लागि Day Care Centre स्थापनाका लागि आवश्यक पहलन गर्ने नीति लिईने छ । नगरमा रहेका ३ वटा वृद्धाश्रमको भौतिक पूर्वाधार सुधार एवं उनिहरुका लागि आवश्यक सामाग्रीको व्यवस्था गर्न १० लाख रुपैया बजेट विनियोजन गरेको छु ।

२७. सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाईने छ । बैंक मार्फत भत्ता वितरणलाई थप प्रभावकारी वनाईने छ ।

२८. नगरका युवाहरुको संजाल निर्माण गरी सकरात्मक जीवन पद्दती, खेलकुद कार्यक्रम, क्षमता विकास, खेलकुद मैदानको स्तरोन्नती तथा नगरमा निर्माण भएको खेलकुद विकास समितिलाई थप प्रभावकारी वनाईने नीति लिईने छ । यसका लागि ५ लाख रुपैया विनियोजन गरेको छु ।

२९. नगरमा रहेका टोल विकास संस्थाहरुको क्षमता विकासमा विशेष जोड दिईने छ । टोलविकास संस्थालाई थप जिम्मेवार र भूमिका प्रदान गर्दै राजश्व वृद्धिका क्रियाकलापमा परिचालन गरिने छ । आगामी आ.ब. मा वडा नं. ७ मा घरवहाल कर संकलनका लागि टोल विकास संस्थालाई सहभागी गराई नमूनाका रुपमा अगाडी वढाईने छ ।

३०. गाउँ नगर साँझेदारी र गरिवि न्यूनिकरण कार्यक्रम मार्फत विपन्न तथा न्यून आय भएका नगरवासीहरुलाई कर्जा प्रवाह गरी लघु उद्यम तथा शिप हस्तान्तरण मार्फत आय आर्जन गराई आर्थिक स्तरोन्नती गर्न तर्फ विशेष जोड दिईने छ । यसका लागि गाउँ नगर साँझेदारी तथा शहरी गरिवि न्यूनिकरण कोष मार्फत ९३ लाख ९० हजार रुपैया परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

३१. लुमन्ती संस्थाको सहयोगमा गरीवको लागि आवास कार्यक्रम अर्न्तगत १०० वटा घरहरु गत आ.ब देखी निर्माण शुरु गरिएकोमा यस बर्ष पनि थप विस्तार गरिने छ । साथै लेखनाथ नगरपालिकाको वडा नं. १२

वडा कार्यालय रहेको जग्गामा विपन्नका लागि Rental House निर्माणका लागि पहल गरिनेछ । साथै सो कार्यका लागि लुमन्तीसँग सहुलियत दरमा ऋण उपलब्ध गराउन आवश्यक पहल गरिने छ ।

३२. लेखनाथ नगरपालिकामा हुने गरेका विकासका कार्यलाई संचारक्षेत्रसँग आवद्ध गरी विकास पत्रकारिताका माध्यमवाट सुशासन एवं पारदर्शिता कायम गर्ने नीति लिईनेछ साथै लेखनाथ नगरपालिकाले गरेका राम्रा कामहरुलाई संचारमाध्यममा प्रभावकारी ढङ्गले प्रकाशन/प्रशारण गर्ने संस्थालाई प्रोत्साहन गरिनेछ । पत्रकार महासंघको भवन निर्माण र आम संचार विकासका लागि पनि आगामी आ.व. मा आवश्यक रकमको व्यवस्था गरेको छ ।

## संगठन तथा प्रशासन बिकास नीति

३३. नगरपालिका कार्यालयको कार्यलाई प्रभावकारी, जनमुखी, जवाफदेहीता, पारदर्शिता, मितव्ययिता तुल्याउन कार्यवोझ तथा संगठनको ढाँचामा समयानुकुल व्यवस्थापनका लागि आगामी आ.व मा संगठन विकास ढाँचा तयार गरि लागु गर्ने नीति लिएको छु । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३४. नोडल अधिकृत, नगरपालिकाको प्रवक्ता र सूचना अधिकारीको कामलाई प्रभावकारी वनाउँदै लगिनेछ । कर्मचारी पेश्कीलाई शुन्य एवं उपभोक्ता समितिको पेश्की वेरुजुलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ । चालु आ.ब. सम्म देखिएको २ प्रतिशत पेश्की वेरुजुलाई आगामी आ.ब. मा अझ कम गरिने छ ।

३५. नगरपालिकाको बस्तु स्थिति झल्कने बार्षिक कार्यक्रम र नागरिक वडापत्र लगायतका सूचनाहरु समावेश गरी प्रत्येक महिनाको चैत्र महिना भित्र आगामी बर्षको तीथि मिति सहितको भित्रेपात्रो प्रकाशन गरी नगरवासीसम्म पुर्‍याईने छ ।

३६. नगरपालिकाको ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक र पर्यटकीय जानकारी एवं सूचनाहरु समावेश गरिएको ब्रुसर प्रकाशन गरी ***"एक घर एक ब्रुसर"***को नीतिलाई कार्यान्वयन गरिनेछ ।

३७. कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनका आधारमा पदस्थापन , बढुवा , तालिम, बृत्ति विकास, पुरस्कार र सजाँयको साथै उत्कृष्ट कार्य गरि नगरपालिकालाई प्रवर्द्धन गर्ने कर्मचारी, करदाता, उपभोक्ता समिति, पत्रकार र टोल विकास संस्थाहरुलाई पुरस्कृत गर्ने पद्धतिलाई अबलम्बन गर्दै लगिनेछ ।

३८. नगरक्षेत्र भित्र तारे होटल स्थापना गर्ने होटल व्यवसायीलाई पहिलो पाँच बर्षसम्मको कर छुट हुने व्यवस्था मिलाईने छ ।

**उपस्थित महानुभावहरु**

**अव म आ.व. २०७१/०७२ को लागि प्रस्तावित बजेट प्रस्तुत गर्न चाहान्छु ।**

सीमित श्रोत साधनले असीमित माग र बढ्दो आकांक्षा एकै पटक सम्बोधन गर्न नसकिने यथार्थतामा नगरपालिका लाई नेपाल सरकार दातृनिकाय, विभिन्न संघ सस्थाबाट प्राप्त हुने शशर्त तथा निर्शत अनुदान, ऋण तथा आन्तरिक आय एवं लागत सहभागिताको दायरालाई समेत मूल्याङ्कन गरी बजेट तर्जुमा गरिएको छ ।

चालु आ.ब. ०७०/०७१ लागि कुल बजेट रु १५ करोड ५ लाख ८७ हजार अनुमान गरिएको थियो भने आर्थिक बर्ष २०७१/०७२ को लागि २३ करोड ४७ लाख ४१ हजार बजेट अनुमान गरिएको छ । सो अनुमान चालु आ.व. को भन्दा ३५.७६% ले वढी रहेको छ ।

जसमा चालु आ.व. मा अनुमान गरिएको पूँजिगत बजेट रु ८ करोड ३१ लाख ३३ हजार रहेको थियो भने र आ.व २०७१/०७२ को पूँजिगत अनुमान रु, १६ करोड ३८ हजार ६ सय ४० रहेको छ। चालु आ.व को भन्दा यो वजेट ४८.०५ % ले बढी छ। यसैगरी चालु आ. व को चालु तथा कार्यक्रम बजेट तर्फ रु. ६ करोड ७६ लाख ५४ हजार अनुमान गरिएको थियो भने आ.ब. २०७१/०७२ को अनुमान ७ करोड ४७ लाख २ हजार ३६० रहेको छ। यो चाल आ. व को भन्दा ९.४३ % ले वढी रहेको छ। जसमा संचालन तर्फ १ करोड ७२ लाख १० हजार र कार्यक्रम तर्फ रु. ५ करोड ७४ लाख ९२ हजार ३६० अनुमान रहेको छ।

कुल बजेटमा पूँजिगत बजेटको अंश ६८.१७ %, चालु तथा कार्यक्रम तर्फको वजेटमा संचालन बजेट ७.३३ %, कार्यक्रम बजेटको अंश २४.५० % रहेको छ। जसमा कुल आन्तरिक श्रोत तर्फ रु. १ करोड ८६ लाख १० हजार (७.९२ %) र वाह्य श्रोत तर्फ रु. १९ करोड ११ लाख ३१ हजार (९२.०८ % ) अनुमान रहेको छ।

आगामी आ.व को लागि प्रस्तावित बजेटमा खर्च व्यहोर्ने मुख्य मुख्य श्रोतहरुमा आन्तरिक श्रोत तर्फ स्थानीय करवाट रु.९८ लाख ६० हजार, सेवा शुल्कवाट ९ लाख ८० हजार, दस्तुरवाट रु. ७५ लाख ६० हजार, विक्रीवाट रु. १ लाख र अन्य आयबाट १ लाख १० हजार यसैगरी वाह्यतर्फ नेपाल सरकारवाट प्राप्त शशर्त /निशर्त अनुदानवाट रु.७ करोड १२ लाख १ हजार राजश्व वंडाफाँड तथा रजिश्टेशन दस्तुरबाट रु.७५ लाख, अन्य निकायबाट रु. ४ करोड १० लाख, लागत सहभागिताबाट रु. १ करोड ७५ लाख र विश्व वैंकको लगानी अन्तर्गत नगरविकास कोषबाट अनुदान रु. ५ करोड ४८ लाख २२ हजार तथा ऋण २ करोड, ५९ लाख ३३ हजार गरी जम्मा ८ करोड ७ लाख ५५ हजार प्राप्त हुने अनुमान गरिएको छ।

यसै गरी विषयगत समिति तर्फ निम्नानुसार व्यय हुने प्रस्ताव गरेको छु।

**बिषयगत समिति तर्फको विनियोजित बजेट :**

| सि.नं. | विषयगत समिति | चालु तथा कार्यक्रम | | पुँजिगत | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | पूर्वाधार तथा संरचना विकास | ८,९५,000.0 | ०.६४ | १४,०५,५५,000.0 | ९९.३६ | १४,१४,५०,000.0 | ६०.२६ |
| २ | कृषि, वन तथा वातावरण | ६,९०,000.0 | १०.३० | ६०,१०,000.0 | ८९.७० | ६७,00,000.0 | २.८५ |
| ३ | जनसंख्या तथा सामाजिक | ५,०३,६७,३६०.० | ८५.६७ | ८४,२३,६४०.० | १४.३३ | ५,८७,९१,000.0 | २५.०५ |
| ४ | संगठन तथा प्रशासन | २,२५,00,000.0 | १००.० | ० | ० | २,२५,00,000.0 | ९.५९ |
| ५ | जलश्रोत तथा भूमि | २,५०,000.0 | ४.७१ | ५०,५०,000.0 | ९५.२९ | ५३,00,000.0 | २.२६ |

**पुर्वाधार क्षेत्रगत बिकास तर्फ :**

| सि.न. | बिषयगत क्षेत्र | बिनियोजित रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सडक | १३,५४,९६,000.0 | ५७.७२ | |
| २ | खानेपानी | १,१३,४६,000.0 | ४.८३ | |
| ३ | शिक्षा | ९७,७७,000.0 | ४.१७ | |
| ४ | स्वास्थ्य | ६८,७४,000.0 | २.९३ | |
| ५ | भवन | ६०,५०,१००.० | २.५८ | |
| ६ | ताल/सिंचाई | १,३७,२५,000.0 | ५.८५ | |
| ७ | अन्य | ५,१४,७२,९००.० | २१.९३ | |
| | | २३,४७,४१,000.0 | १००.० | |

पूर्वाधार तथा संरचना विकास समिति तर्फ रु. १४ करोड १४ लाख ५० हजार कूल व्ययको ६०.२६ % रहेको छ। कृषि वन तथा वातावरण तर्फ रु. ६७ लाख कूल व्ययको २.८५ %, जनसंख्या तथा सामाजिक तर्फ रु.५ करोड ८७ लाख ९१ हजार कूल व्ययको २५.०५%, संगठन तथा प्रशासन तर्फ रु. २ करोड २५ लाख, कूल व्ययको ९.५९ % र जलश्रोत तथा भूमि तर्फ रु.५३ लाख कूल व्ययको २.२६ % व्यय हुने अनुमान गरिएको छ।

यसका साथै पहाडी भेगको खानेपानी, ल्याण्डफिल्ड साइटको निर्माण ताल संरक्षण, सडक कालोपत्रे, साहित्यीक पर्यटन स्थलको विकास जस्ता रणनीतिक महत्वका आधारमा बजेट विनियोजन, साना योजनाहरु भन्दा नगरको वृहत्तर विकासमा योगदान पुर्‍याउन सक्ने ठूला योजनाहरु तथा कृषिक्षेत्रलाई प्रर्वद्धन गर्ने खालका कार्यक्रम, सरसफाई व्यवस्थापन,

पूर्वाधार एवं सामाजिक विकास, लैगिक समता एवं सामाजिक समावेशीकरण, कृषि तथा गरिवी न्यूनिकरण जस्ता क्षेत्रहरुलाई प्राथमिकता दिइएको छ ।

**उपस्थित महानुभावहरु**

कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको सन्तुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै, योजना तथा कार्यक्रम तय गर्दा सवै क्षेत्रलाई समेटने प्रयास गरिएको छ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं भने अर्को तर्फ सिमित श्रोत र साधनलाई परिचालन गर्नुपर्दा श्रोत छिरोलिन गएको भन्ने आलोचनावाट मुक्त हुन पनि आगामी दिनमा थप श्रोत पहिचान र परिचालनलाई ध्यान पुर्‍याउनु जरुरी देखिएको छ ।

योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होइन, यसको लक्ष्य एवं उद्देश्यहरु प्राप्तीका लागि प्रभावकारी कार्यान्वयन, अनुगमन एवं मुल्यांकन जरुरी हुन्छ । यसका साथै आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु समेत आवश्यक पर्न जान्छन । यसको लागि आवश्यकतानुसार सरकारी, गैसस, नागरिक समाज, संचारकर्मी, उपभोक्ता समेतको संयुक्त सहभागितामा, सम्पादित कामको गुणस्तरको सुनिश्चितता, पारदर्शीता एवं उत्तरदायीत्व वहनमा थप टेवा पुग्ने विश्वास लिएका छौं ।

नगरपालिकाले बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा कार्यान्वयन कर्ता भन्दा वढी अनुगमनकर्ता उत्प्रेरक, सहजकर्ता र समन्वयकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । उपरोक्त बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा सदा झैं यहाँहरुको सल्लाह, सुझाव एवं सिर्जनात्मक आलोचना तथा पृष्ठपोषणको अपेक्षा गरेका छौं ।

**अन्तमा**

प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु । बजेट नीति तथा कार्यक्रम तर्जुमाका शिलशिलामा नगरस्तरिय राजनैतिक पार्टीका पदाधिकारीज्यूहरुको विकास प्रतिको एकता, संवेदनशिलता, क्षेत्रगत सूचनाको जानकारी एवं दलहरु विच रहेको उच्चस्तरिय समन्वय, सहभागिता एवं पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । यसप्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दै यस कार्यमा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सघाउ पुर्‍याउनु हुने विषयगत कार्यालय, विभिन्न विषयसँग सम्वन्धीत नगरस्तरिय संजालका प्रतिनिधिज्यूहरु नागरिक समाज, गैरसरकारी, सामुदायीक तथा नीजि क्षेत्रका संघसंस्था, विभिन्न विषयगत समितिमा रहेर योगदान पुर्‍याउनु हुने कर्मचारी साथीहरु, व्यवसायी, उद्यमी, समाजसेवी, वुद्धिजिवि, संचारकर्मी प्रति हार्दिक धन्यवाद दिन चाहान्छौं । यस परिषदवाट प्रस्तुत नगरविकास योजनालाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सवै पक्षवाट सदा झै निरन्तर सहयोगको अपेक्षा सहित हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने अतिथिज्यूहरु तथा अन्य आमन्त्रित महानुभाव एवं संचारकर्मी मित्रहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै पुनः सवैमा अभिवादन सहित विदा हुन्छु ।

धन्यवाद ।

२०७० पौष ३० गते, (रामचन्द्र पौडेल)
प्रमुख एवं कार्यकारी अधिकृत (उपसचिव)

## <u>२० औं नगरपरिषदबाट भएका निर्ण</u>

**निर्णय नं. १** आर्थिक बर्ष २०७१/०७२ का लागि नगरपालिका कोष तर्फको राजश्व संभाव्यता प्रतिवेदन समेतका आधारमा नगरपालिका कोष तर्फ रु. १,८६,१०,०००।- नेपाल सरकार चालु तथा पूँजिगत अनुदान तर्फ रु. ७,१२,०१,०००।- बिश्व वैंकको अनुदान तथा ऋण सहयोगमा नगर बिकास कोषबाट रु. ८,०७,५५,०००।- र अन्य दातृ निकाय तथा संघ/संस्था एवं विविध श्रोत तर्फ रु. ६,४१,७५,०००।- समेत गरी जम्मा रु. २३,४७,४१,०००।- को आय तथा व्यय बजेट स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** आगामी आ.ब. ०७१/०७२ मा संचालनका लागि विभिन्न पूँजिगत शिर्षकहरुमा प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरुका लागि अपेक्षा गरिएको रकम कुनै कारणवश प्राप्त हुन नसकेकोमा वडास्तरिय योजनामा विनियोजित रकम रु.७५,००,०००।- र एकीकृत सम्पत्ति करबाट बिनियोजित रु ३०,००,०००।- देखी वाहेक प्राप्त रकम र योजनाको भारका आधारमा रकम विनियोजन गरी कार्यान्वयनको व्यवस्था मिलाउन नगरपालिका वोर्डलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** आ.ब. ०६९/०७० को अन्तिम लेखापरिक्षण प्रतिवेदन प्रस्तुत भई पारित गरियो । उक्त प्रतिवेदनमा औल्याइएका पेश्की तथा वेरुजु उपर प्रचलित कानून बमोजिम फछ्र्यौटका लागि आवश्यक कारवाही नगरपालिकाले अगाडी वढाउने व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४.** आ.व.२०७०/०७१ को अन्तिम लेखा परिक्षण गर्न लेखापरिक्षक नियुक्ती गरी नगरपालिकाले लेखापरिक्षण गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ५** यस नगरपालिकामा गठित पदपूर्ति समितिको प्रतिवेदन २०७० अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०६ र नियम २०९ बमोजिम बिभिन्न समयमा पेश्कि बेरुजु कायम भै लगतमा रहेका पेश्कि बेरुजु मध्य संलग्न प्रमाण कागजात एवं हानि नोक्सानी भएको नदेखिएका पेश भए बमोजिम रु ३,७२,५०४।५५ संपरिक्षण गरि लगत कट्टा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.** आ.व २०७१/०७२ का लागि राजश्व परामर्श समितिको सुझाव सहित पेश हुन आएका कर तथा राजश्वका दरहरुलाई स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** यस नगरपालिकाको मिति २०६९ पौष ३० देखी २०७० पौष २९ सम्मका वोर्ड वैठकवाट भएका नीति तथा निर्णयहरु लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** यस नगरपालिकाको साधन र श्रोतवाट मात्र सम्पन्न हुन नसक्ने निम्नानुसारका योजनाहरुलाई **अनुसूची "क"** का केन्द्रमा तथा **अनुसूची "ख"** का योजनाहरुलाई जिल्लास्तरिय योजनाका रुपमा कार्यन्वयन गर्न केन्द्र तथा जिल्लामा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** यस नगरपालिकाका लागि आगामी आ.ब. ०७१/०७२ को लागि आवश्यक पर्ने सरसामान खरिद प्रयोजनका लागि तयार भएको आ.ब. २०७१/०७२ को वार्षिक खरिद योजना स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** यस नगरपालिकामा यस पूर्व सम्पन्न नगरपरिषदहरुवाट श्रृजित दरवन्दीहरुलाई कायमै राखी निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १२** नगरपालिकामा हाल कार्यरत जनशक्तिले मात्र नगरपालिकाको दैनिक सेवा प्रवाह एवं स्विकृत वार्षिक योजना तथा कार्यक्रम सम्पन्न गर्न जनशक्तिको अभाव हुन गएमा

औचित्यताका आधारमा नगरपालिकालाई अत्यावश्यक कर्मचारी सेवा करारवाट लिने निर्णय गरियो ।

**निर्णय नं. १३** यस नगरपालिकाको आ.ब.२०७१/०७२ का लागि तयार गरिएको वार्षिक कार्ययोजना तथा वार्षिक कार्य तालिका (क्यालेण्डर) स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** लेखनाथ नगरपालिका कार्यालयको संगठन बिकास ढाँचा (OD) गरि कर्मचारीहरुको दरबन्दी र कार्य बिभाजन गर्नु पर्ने भएको हुँदा २०७१ श्रावण देखि पौष मसान्त भित्र परामर्शदाता नियुक्त गरि संगठन बिकास सम्बन्धि अध्ययन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५** नगर क्षेत्रभित्र विगतमा निर्माण सम्पन्न भै चालु सडकहरु भत्की विग्री जिर्ण भएर मर्मत संभार गर्ने व्यवस्थाका लागि नगरस्तरिय वार्षिक सडक मर्मत योजना (M-Armp) स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** यस नगरपालिका क्षेत्रभित्र वार्षिक नगर योजना अर्न्तगत रही आ.व. ०६९/०७० मा सम्पन्न भएका **अनुसूची (ग)** बमोजिमको उल्लेखित योजना तथा कार्यक्रमहरुको जाँचपास र फरफारक लाई अनुमोदन गर्ने र **अनुसूची (घ)** वमोजिमका योजना तथा कार्यक्रमहरु कन्टीन्जेन्सी खर्चवाट कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७** यस लेखनाथ नगरपालिकामा थप व्यवस्थित वसपार्क निर्माण भै संचालनमा आइनसकेको अवस्थासम्मका लागि वडा नं. ११ को वेगनासताल वसपार्कलाई नगरवसपार्कका लागि तोक्ने र उक्त नगर वसपार्कलाई व्यवस्थित रुपमा संचालनका लागि स्थानीय संघसंस्थासँग आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८** नगरपालिकामा आइपर्न सक्ने अग्निजन्य प्रकोप व्यवस्थापन गर्न वारुणयन्त्रको सेवा प्रवाहका लागि छिमेकी पोखरा उप-महानगरपालिकासँग साँझेदारी एवं सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९** कार्यालयमा बिभिन्न कार्यक्रमहरु संचालन गर्न एकरुपता कायम गर्न कार्यक्रम संचालन दायरा (नर्म्स) स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय नं. २०** बहाल करलाई प्रभावकारी रुपमा उठाउन टोल बिकास संस्थाहरुको क्षमता बिकासमा ध्यान दिई नमुनाको रुपमा वडा नं. ७ का टोल बिकास संस्थाहरुको सहमति र समन्वयमा कर परिचालन गर्ने साथै बहाल कर उठाउन शुरुवात गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१** यस नगरपालिकामा रहेका तालहरुको समुचित उपयोग गर्ने कार्यका लागि तालहरुको बिकासका लागि निजि क्षेत्र सँगको सहकार्य एवं भाडामा दिने सम्बन्धि कार्य गर्न नगरपालिका वोर्ड वैठकलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२** यस नगरवाट संचालित योजना तथा कार्यक्रम एवं नगरपालिकावाट प्रदान गरिने सेवा प्रवाह समेतका विषयमा गरिएका सार्वजनिक सुनुवाई २०७० र सामाजिक परिक्षण २०७० को प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३** नगरक्षेत्रमा एक व्यवस्थित रंगशालाको अत्यावश्यकतालाई मनन् गरी वडा नं. १ भण्डारढिकको चौरमा रंगशाला निर्माण कार्यका लागि सहयोग गर्न नेपाल सरकार, दातृ संघसंस्था एवं निकायसँग अनुरोध गर्ने र सो रंगशालाको भौतिक निर्माणको आरंभका लागि सडक किनारातर्फ पर्खाल निर्माणको कार्य अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. २४** नगरमा श्रृजना हुने फोहर मैला संकलन, वर्गिकरण एवं व्यवस्थापन गर्न वडा नं. १३ को सातपत्रेमा फोहर मैला प्रसोधन केन्द्र निर्माण गर्न नेपाल सरकार एवं सम्वन्धीत दातृ संघ संस्थासँग आवश्यक सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५** नगरमा वढ्दो सवारी चापलाई मध्यनजर गरी नगरको पूर्वि प्रवेशद्धार वडा नं. १३ को गढीमा क्षेत्रिय वसपार्क र नगरको संभाव्य स्थानमा नगरवसपार्क निर्माणको लागि सम्वन्धित साँझेदार संस्था एवं कार्यालयको समन्वयमा अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. २६** नगरपालिकाको वस्तुस्थिती बार्षिक कार्यक्रम र नागरिक वडापत्र लगायत सुचनाहरु समेत रहने गरि प्रत्येक वर्षको चैत्र महिना भित्र आगामी बर्षको तिथि मिति सहितको भित्ते पात्रो ( Calender) प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को व्यवस्था अर्न्तगत रही भएको यस नगरपालिकाको वार्षिक जिन्सी निरिक्षण प्रतिवेदन २०७० लाई स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८** यस लेखनाथ नगरपालिकामा आगामी आ.ब. २०७१/०७२ वाट प्रोदभावी (Accural Account Entry System) लेखा प्रणाली लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ को दफा २७३ क बमोजिम सार्वजनिक नीजि साँझेदारी प्रवर्द्धन समितिलाई क्रियाशिल तुल्याउने निर्णय गरियो ।

**निर्णय नं. ३०** सात तालको वगैंचा शहरका रुपमा रहेको यस लेखनाथ नगरपालिकाको पर्यटन गुरुयोजना, नगर यातायात गुरुयोजना, आबधिक योजना–२०७० लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१** नगरपालिका वोर्ड सदस्यको आचार संहिता –२०७० अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२** कास्की जिल्ला स्थित यस लेखनाथ नगरपालिकाको समग्र क्षेत्रको विस्तृत अध्ययन सहित प्रकोपको संभावनाका वारेमा तयार भएको आबधिक बिपद जोखिम व्यवस्थापन योजना - २०७०, लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३** नगरपालिकामा सेवा ग्रहणका लागि आउने सेवाग्राहीको सहजता एवं शुसासन व्यवस्थापनका लागि तयार गरिएको नागरिक वडापत्रलाई अनुमोदन गरी क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३४** नगरमा गरिने विभिन्न समुदायको अन्तिम संस्कार कार्यलाई थप व्यवस्थित वनाई नगरवासीहरुको परम्परागत चालचलन एवं संस्कृतीलाई अक्षुणता दिने समेत उद्देश्यका साथ

पवित्र सेती नदी किनारका निम्न स्थानहरुलाई दाह संस्कार स्थल (मशानघाट) का रुपमा तोक्ने र थप व्यवस्थित गर्दै जाने निर्णय गरियो ।

क)  मोक्षघाट वडा नं. १
ख)  मरेखरे वडा नं. २
ग)  लामेआहाल वडा नं. १३
घ)  सतीघाट–मुसेटुडा वडा नं. १२

**निर्णय नं. ३५** नगरपालिका क्षेत्रमा छाडा रुपमा छाडिएका दोपाय–चौपाय एवं अन्य पशुपक्षि सार्वजनिक स्थानमा मरेका पशुपक्षिलाई नगरपालिकाको वडा नं. १३ स्थित सातपत्रेमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६** कार्य सम्पादनमा आधारित प्रोत्साहन कोषको व्यवस्था गरि MCPM मा थप प्राप्त वजेटलाई शत प्रतिशत मानि सोको एक प्रतिशत रकम प्रोत्साहन कोष खडा गरि सो कोषमा जम्मा गर्ने र कम आएमा सो सूबिधा १ प्रतिशत सोधभर्ना गरिने कार्यलाई आगामी आ.व. मा पनि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३७** नगरवासीहरुको दान समेतवाट संचालित लेखनाथ सामुदायीक लायन्स अस्पतालको सेवा संचालनको लागि (प्रसुती तथा स्त्रीरोग सम्वन्धी विशेषज्ञ सेवा उपलब्ध गराउन) आवश्यक दरवन्दी उपलब्ध गराईदिन नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८** लेखनाथ नगरपालिकाको वडा नं. १२ बरालथर वडा सेवा केन्द्र रहेको जग्गामा लुमन्ति आबासका लागि सहयोग समुह र नगरपालिकाको साझेदारीमा एक रेन्टल हाउस निर्माण गर्नका लाीग आबश्यक व्यवस्था मिलाउन नगरपालिका वोर्डलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९** लेखनाथ नगरपालिकामा एउटा नमूना आवास टोल निर्माण गर्नका लागि आवास निर्माण गुरुयोजना तयार गरी स्विकृत गर्ने अधिकार नगरपालिका वोर्डलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ४०** सार्वजनिक जग्गा संरक्षण समितिको प्रतिवेदन-२०७० स्वीकृत गर्ने र सो समितिको कार्याबधि आ.व. २०७१/०७२ सम्मका लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१** यस नगरपालिकाले तयार गरेको तपशिल बमोजिमका नीति, निर्देशिका कार्यबिधि एवं विनियमावलीहरु पारित गर्ने निर्णय गरियो ।

क)  कर्मचारी कल्याण कोष बिनियमावली २०७०
ख)  बालसहभागिता नीति २०६९
ग)  बालक्लव एवं बालमञ्च/बाल संजाल गठन एवं परिचालन सम्वन्धी निर्देशिका, २०७०
घ)  बाल कोषको स्थापना र संचालन निर्देशिका, २०७०
ङ)  आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार तथा सिफारिस सम्वन्धी निर्देशिका, २०७०
च)  भवन निर्माण तथा नक्शा पास सम्बन्धि कार्यबिधि-२०७०

**निर्णय नं. ४२** विश्व वैंक तथा नेपाल सरकारको सहयोगमा संचालित शहरी शासकिय तथा क्षमता विकास कार्यक्रमका लागि लेखनाथ नगरपालिकाको संस्थागत मानव संसाधन विकासका लागि शहरी

विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागवाट छनौट भै आएका इन्जिनियरको सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४३** यस नगरपालिकामा भौगोलिक सुचना प्रणाली (GIS) लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४** यस नगरपालिकामा विगत देखि संचालन हुँदै आईरहेको बालमैत्री स्थानीय शासन कार्यक्रमलाई प्रर्वद्धन गरी निरन्तरता दिदै नगरलाई बाल मैत्री घोषणा गर्नका लागि थप पूर्वाधारहरु तयार गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ४५** लेखनाथ नगरपालिकाको आन्तरिक श्रोत बृद्धिका लागि आम्दानीका श्रोतहरु परिचालन गर्ने र कर, दस्तुर, सेवा शुल्कको दररेट निर्धारण गर्ने अधिकार नगरपालिका वोर्डलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ४६** यस नगरपालिकामा भवन निर्माण आचार संहिता २०६० कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७** नगरपालिका र लुमन्तीको साँझेदारीमा संचालित आवास निर्माण कार्यक्रमबाट सहयोग लिई कार्यक्रमको तोकेको मापदण्ड अनुसार कच्ची घर निर्माण गर्ने घरधनीलाई ५०० वर्ग फिट सम्मको लागि निम्नानुसारको नक्सा पास दस्तुर लिने निर्णय गरियो ।

क) पहाडी भागमा रु. ५००।-

ख) समथर भागमा रु. १५००।-

**निर्णय नं. ४८** यस नगरपालिकामा कार्यरत कोष तर्फका कर्मचारीहरुलाई १० वर्षे २,००,०००।- ( दुईलाख) को साबधिक जिवन बिमा गर्ने र सो को किस्ता रकम (प्रिमियम) मध्ये ५० प्रतिशत नगरपालिका र ५० प्रतिशत कर्मचारी स्वयंले ब्यहोर्ने गरि हाल चालु रहेको विमा सकिएको समयावधि देखी निरन्तरता दिने गरी विमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९.** नगरपालिकाको वडा नं. १, १२ र २ मा पर्ने वरालथर, आयलनिगम, पट्नेरी, रिठ्ठेपानी सडकको लागि यस अघि कायम गरिएको मापदण्ड परिमार्जन गरी वाटोको केन्द्रविन्दुबाट दायाँवायाँ ३०/३० फिट कायम गर्ने निर्णय गरियो ।

यस लेखनाथ नगरपालिकाको २० औं नगरपरिषद सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण राजनितिक दलका प्रतिनिधि, नागरिक समाज, उद्यमी ब्यबसायी, नगरवासी संचारकर्मीज्यूहरु एवं परिषदका लागि खट्ने सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

उपरोक्तानुसारको निर्णयहरु सर्वसम्मतीबाट गरि अध्यक्ष ज्यू को आदेशानुसार नगरपरिषद्को वैठक आज मिति २०७० पौष ३० गते समापन गरियो ।

धन्यवाद